# संघ/संस्था दर्ता सञ्चालन तथा नियमन सम्बन्धी कार्यविधी, २०८२

निसिखोला गाउँपालिका

देबिस्थान, बागलुङ गण्डकी प्रदेश नेपाल ।

प्रमाणीकरण र प्रकाशन मिति २०८२/०९/०२

निसिखोला गाउँपालिका
गाउँपालिकाको कार्यालय
देबिस्थान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

**संस्था दर्ता नियमन सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको कार्यविधी**

प्रस्तावना: पालिकास्तरमा सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी, वन वातावरण, खानेपानी तथा सरसफाइ लगायातका विषयमा कार्य गर्नको लागि मुनाफा रहित संस्था दर्ता गरी त्यस्ता संस्थाको काम कारबाहीमा प्रभावकारिता ल्याउन संस्था दर्ता लगायत अनुगमन तथा नियमन गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गाउँसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "संघ/संस्था दर्ता सञ्चालन तथा नियमन सम्बन्धी कार्यविधी, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "एक तह माथिको पदाधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतको हकमा सम्वन्धित गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्य समिति" भन्नाले संस्थाको विधान वमोजिम गठन भएको कार्य समिति सम्झनु पर्छ ।

( ग)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले निसिखोला गाउँपालिका सम्झनु पर्छ ।

ङ ) "समिति" भन्नाले दफा १४ बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्छ।

च ) "संघ/संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, वन वातावरण, खानेपानी र सरसफाइ लगायतका तथा परोपकारी कार्यहरुको विकास, विस्तार एवं प्रवर्धन गर्ने उद्देश्यले स्थापना भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरनाफामूलक संघ संस्था, क्लब, मण्डल, परिषद, अध्ययन केन्द्र लगायत सम्झनु पर्छ र सो शब्दले मैत्री संघ वा संस्थाको रूपमा कार्य गर्ने संघ समेतलाई जनाउँछ ।

(ज) "संस्था दर्ता गर्ने अधिकारी" भन्नाले निसिखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको वरिष्ठतम अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले निसिखोला गाउँपालिका सम्झनु पर्छ ।



निसिखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बागलुङ

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

३. **संगठित संस्था मानिने:** (१) यस ऐन बमोजिम दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ र सो संस्थाको कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट प्राप्त भएको अचल सम्पत्ति वा अनुदानबाट खरिद भएको अचल सम्पत्ति सम्बन्धित तहको सरकारको अनुमति नलिई बिक्री गर्न, नामसारी गर्न, भोगाधिकार दिन, धितो राख वा कुनै किसिमले स्वामित्व परिवर्तन गर्न हुँदैन।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

(४) कुनै पनि संस्थाले बढीमा दुईवटा विषयसँग मात्र सम्बन्धित रही कार्य गर्न सक्नेछ ।

(५) कुनै पनि संस्थाले आफ्नो कुल बजेटको मूल हिस्सा लक्षित वर्गप्रति केन्द्रीत गर्नु पर्नेछ ।

**परिच्छेद- २**

**संस्थाको दर्ता र नवीकरण**

४. **संस्था दर्ता गर्नु पर्ने:**

(१) कसैले पनि यस ऐन बमोजिम संस्था दर्ता नगरी संस्था सञ्चालन गर्न गराउन हुँदैन ।

(२) यो ऐन लागू हुनुभन्दा पहिले सञ्चालनमा रहेको संस्थाले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी संस्था दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(३) अन्य पालिकामा दर्ता भएका कुनै संस्थाले यस पालिकामा शाखा खोल्न चाहेमा वा कार्य विस्तार गर्न चाहेमा तोकिए बमोजिमको प्रकृया पूरा गरी शाखा खोल्न सक्नेछ ।

तर उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक र गैर प्राकृतिक विपदका घटनामा प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले यस पालिकाभित्र सहयोग गर्न चाहेमा सम्बन्धित संस्था दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिएर काम गर्न सक्नेछन् ।

**५. संस्था दर्ता:**

(१) कुनै पनि संस्था दर्ता गर्दा कार्य समितिको गठन देहायका आधारमा हुनु पर्नेछ:-

(क) कम्तीमा एक तिहाई महिला हुनुपर्ने,

(ख) समावेशी सिद्धान्त अवलम्बन गर्नुपर्ने,

(ग) अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक पदमा महिला हुनु पर्ने।

(२) कम्तीमा सातजना व्यक्तिले देहायको विवरण खुलाई संस्थाको विधानको तीन प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता गर्ने अधिकारीसमक्ष अनुसुची -१ बमोजिमको ढाचामा निवेदन दिनु पर्नेछ:-



जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

(क) संस्थाको नाम,

(ख) उद्देश्य, कार्यविवरण तथा कार्यक्षेत्र,

(ग) समितिका सदस्यको नाम, ठेगाना सदस्यको सम्पक नम्बर, पेशा र नागरिकताको प्रतिलिपि,

(घ) आर्थिक श्रोत,

(ङ) संस्थाको कार्यालय रहने ठेगाना,

(च) अन्य आवश्यक विवरण ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा अनुसुची-२ बमोजिमको ढांचामा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ ।

(४) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता गर्न नमिल्ने देखेमा सो को कारण सहित आवश्यक कागजात पुन: पेश गर्ने आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको कागजात पेश गर्दा पनि संस्था दर्ता अधिकारीले त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर एक तह माथिको पदाधिकारीसमक्ष उजुर गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको उजुर प्राप्त भएपछि एक तह माथिको पदाधिकारीले आवश्यक छानविन गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि संस्था दर्ता अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

**६. नवीकरण गर्नु पर्ने:** यस ऐन बमोजिम दर्ता भएको संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र तोकिएको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ। नवीकरण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७. संस्थाको उद्देश्यमा हेरफेर:** (१) कुनै संस्थाले आफ्नो संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा त्यस्तो संस्थाको कार्य समितिले तत्सम्वन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान वमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(२) एउटै उद्देश्य भएका संस्था एक आपसमा गाभिन चाहेमा संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(३) विशेष साधारण सभामा तत्काल कायम रहेका कुल सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

तर सो प्रस्ताव लागू गर्न संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।



निसीखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... बागलुङ ... प्रदेश, नेपाल

जिवन ... प्रमुख प्रशासकीय अधिकृत

(४) विशेष साधारण सभा सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद ३**

**संस्थाको सम्पत्ति र लेखा**

**८. संस्थाको सम्पत्तिः** (१) कुनै पनि संस्थाले आफ्नो सम्पत्ति सम्बन्धी विवरण दुरूस्त रूपमा राखी एकप्रति सम्बन्धित संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) संस्थाको सदस्य सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा संस्था दर्ता अधिकारीले प्रहरी प्रशासनको सहयोग लिई त्यस्तो सम्पत्ति फिर्ता लिई सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

३) कनै संस्था, संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै आ अपराधजन्य कार्य गरेमा त्यस्तो संस्था, संस्थाको कुनै सदस्य वा व्यक्ति विरुद्ध संस्था दर्ता गर्ने अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कावाही चलाउने प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

**९. विवरण पठाउनु पर्नेः** कुनै संस्थाको कार्य समितिले आफ्नो संस्थाको आर्थिक कारोवारको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र संस्था दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ।

**१०. चल अचल सम्पत्ति बिक्री वितरणः** संस्थाको चल अचल सम्पत्ति बिक्री वितरण गर्नु अगाडि संस्था दर्ता अधिकारी समक्ष कारण र औचित्य खुलाई पूर्व स्वीकृति लिनु पर्नेछ ।

**११. लेखा जाँचः** (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको लेखा आफूले नियुक्त गरेको कुनै अधिकारीबाट जाँच गराउन सक्नेछ ।

(२) लेखा जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी दिनु संस्थाको संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) लेखा जाँच गर्ने अधिकारीले संस्था दर्ता अधिकारीले तोकिदिएको म्यादभित्र लेखा जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको छ भन्ने संस्था दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असूल उपर गर्न कानून बमोजिम कारवाही चलाउन सक्नेछ।

(४) संस्थाको वित्तीय विवरण दोहोरो लेखा प्रणाली र गाउँपालिकाको लेखा ढाँचामा राखु पर्नेछ ।

(५) गाउँपालिकाको सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी संस्थाले आर्थिक कारोवार गर्ने छैन।



जिवन पुन
प्रमुख प्रशासकीय अधिकृत

(६) तीन वर्षसम्म लगातार नवीकरण नगर्ने र नियमित साधारण सभा नगर्ने उपर संस्था दर्ता गर्ने सम्वन्धित दर्ता अधिकारी मार्फत गाउँपालिकाले कारवाही गर्न सक्नेछ र पाँच वर्षसम्म नवीकरण नगर्ने संस्थाको सम्पत्ति सम्बन्धित दर्ता अधिकारीले जफत गर्न सक्नेछ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिनेछ ।

परिच्छेद- ४

दण्ड सजाय

**१२. दण्ड सजाय:** (१) दफा ५ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम नविकरण नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पचास हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो संस्थाको चल अचल सम्पत्ति र कागजपत्र जफत गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम लेखाको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पन्ध्र हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा ११ को उपदफा (२) बमोजिम लेखा जाँच गर्ने सम्वन्धित अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पन्ध्र हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

परिच्छेद - ५

विविध

**१३. निलम्बन र खारेजी:**

(१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछ:-

(क) संस्था दर्ता अधिकारीले माग गरेको विवरण उपलब्ध नगराएमा,

(ख) तोकिएको कार्यक्षेत्रभन्दा वाहिर गई कार्य गरे गराएकोमा।

(२) यस ऐन बमोजिम दर्ता भएका संस्थाहरुले देहायका कुनै कार्य गरे गराएमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्था खारेज गर्न सक्नेछ ।

(क) अनुमति नलिई अर्को संस्थामा गाभेमा,

(ख) संस्थाको उद्देश्य हेरफेर गरेको विषय संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति नलिई कार्यान्वयन गरेमा,

(ग) गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा,

(घ) संस्थाको सम्पत्ति हिनामिना गरेमा,



जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

(ङ) लगातार तीन वर्षसम्म संस्था नवीकरण नगराएमा ।

उपदफा (१) बमोजिम निलम्बन गर्दा वा उपदफा (२) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्थाले पेश गरेको सफाइ मनासिव देखिएमा संस्था दर्ता अधिकारीले निलम्बनको प्रकृयालाई स्थगन गर्न सक्नेछ ।

(५) उपदफा (१) र (२) को बमोजिमको निर्णय उपर चित्त नबुझेमा एक तह माथिको पदाधिकारी समक्ष उजुरी गर्न सक्नेछ।

**१४. अनुगमन तथा मूल्याङ्कन:**

(१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले तोकिएको कार्य गरे नगरेको सम्वन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न देहाय बमोजिमको समिति रहनेछ:-

(क) प्रमुख पशासकिय अधिकृत - अध्यक्ष

(ख) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य

(घ आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएका संस्थाको सम्वन्धित निकायले निर्यमित निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न बाधा पर्ने छैन।

(३) उपदफा (१) वमोजिम समितिले आवश्यक देखेमा छानविन गरी संस्थाले यस ऐन बमोजिम तोकिएको कार्य नगरेको पाइएमा त्यस्तो संस्थाको दर्ता खारेज गर्न सर्म्वान्धित संस्था दर्ता अधिकारीलाई लेखी पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइको मौका दिनु पर्नेछ ।

**१५. पुरस्कार सम्बन्धी व्यवस्था:** अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा उत्कृष्ट कार्य गर्ने संस्थालाई गाउँपालिकाले प्रसंशापत्र तथा पुरस्कार दिन सक्नेछ ।

**१६. वैदेशिक सहयोग:** (१) यस ऐन वमोजिम स्थापना भएका संस्थाले वैदेशिक सहयोग लिने सक्नेछ ।

तर वैदेशिक सहयोग लिने सम्वन्धी कार्यविधि गाउँपालिकाको सिफारिसमा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) वमोजिम कुनैपनि संस्थाले प्राप्त गरेको वैदेशिक सहयोग जुन उद्देश्यका लागि प्राप्त गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ ।

**१७. स्वीकृति लिनु पर्ने:**

(१) यस ऐन बमोजिम जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा दर्ता भएका संस्थाले आफ्नो कार्यक्षेत्रभित्र अनुसूचीमा -३ उल्लेख भए अनुसारको रकमको काम गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनु पर्नेछ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) स्थानीय तहले स्वीकृति नदिएमा सो उपर जिल्ला प्रशासन कार्यालयमा पुनरावेदन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. संस्थाको विघटन वा खारेजी:**

संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा यस ऐन बमोजिम वा अन्य कुनै कारणवस संस्था विघटन वा खारेजी भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

**१९. विवरण पेश गर्ने:** यस ऐन बमोजिम जिल्ला प्रशासन कार्यलय र स्थानीय तहहरुमा दर्ता भएका संस्थाहरुको विधान सहितको विवरण चौमासिक रूपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

**२०. निर्देशन दिने:** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**२१. नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

परिच्छेद २ दफा ५ (२) संग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु                                        मिति: ..................

निसिखोला गाउँपालिका

देबिस्थान बागलुङ

बिषय : संस्था दर्ता गरिदिने सम्वन्धमा ।

महोदय

हामीले ................................ सम्वन्धि संस्था खोल्न चाहेकाले संस्था दर्ता सम्वन्धि कार्यविधि २०८२ बमोजिम तहा कार्यालयमा संस्था दर्ताको लागि यो निवेदन पेश गरेका छौं । साथै संस्थाको विधान लगायतका कागजात यसैसाथ संलग्न गरेका छौं ।

तपशिल

१. संस्थाको नाम :

२. संस्थाको उद्देश्यहरु :

क)

ख)

ग)

३ प्रवन्ध समितिका पदाधिकारीहरुको पद नाम र ठेगाना पेशा

| क.सं. | नाम थर | ठेगाना | पद | पेशा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

४ आर्थिक श्रोत :

५ कार्यालय ठेगाना :

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

............

अध्यक्ष

अनुसूची २

परिच्छेद २ दफा ५ (२) संग सम्बन्धित

# संस्था दर्ता प्रमाणपत्र

श्री अध्यक्ष सचिव,

प्रमाणित गरिन्छकि:

सस्थाको नाम ........................

दर्ता नं. ........................ स्थापना मिति: ...........................

ठेगाना : ..........................

संस्थाको उद्देश्य क्षेत्र : ...............

संस्थाको प्रकार :

तपाईलाई निसिखोला गाउँपालिकाको संघ/ संस्थादर्ता सञ्चालन तथा नियमन सम्बन्धी कार्यविधी, २०८२ बमोजिम दर्ता गरि यो प्रमाणपत्र दिईएको छ । प्रचलित कानुन तथा संस्थाको बिधान अनुसार उद्देश्य प्राप्त गर्ने कार्यमा केन्द्रित हुनेछ भन्ने अपेक्षा लिइएको छ । कानुनले बर्जित गरेका कुरा नगर्न नगराउनु हुन समेत जानकारी गराईन्छ । संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना .......।

दर्ता अधिकारीको सही :

पुरा नाम, थर :

दर्जा:

कार्यालय :

मिति

निसिखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बोबाङ, बागलुङ गण्डकी प्रदेश, नेपाल

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

स्वीकृति लिनु पर्ने रकमको सीमा

| क्र.स | रकम सीमा | स्वीकृति लिनुपर्ने निकाय |
| --- | --- | --- |
| १ | पचास लाख सम्म | सम्बन्धित स्थानीय तह |
| २ | पचास लाख भन्दा माथि | प्रदेश सरकार |

आज्ञाले

जीवन पुनमगर

जीवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

निसीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागलुङ
गण्डकी प्रदेश, नेपाल